<u>नेपाल पर्यटन बोर्ड ऐन, २०५३ लाई संशोधन गर्न बनेको विधेयक</u>

<u>प्रस्तावना</u>: नेपाल पर्यटन बोर्ड ऐन, २०५३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "नेपाल पर्यटन बोर्ड (पहिलो संशोधन) ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>मूल ऐनको दफा २ मा संशोधन</u>: मूल ऐनको दफा २ को,-

(१) खण्ड (झ) पछि देहायको खण्ड (ञ) थपिएको छः-

"(ञ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनु पर्छ।"

३. <u>मूल ऐनको दफा ६ मा संशोधनः</u> मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः-

"६. <u>बोर्डको काम, कर्तव्य र अधिकारः</u> यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नेपालका पर्यटन उपज (टुरिजम प्रोडक्ट) र क्रियाकलापको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गर्नको लागि नेपाल सरकारको प्रतिनिधिको रुपमा काम गर्ने,

(ख) नेपालमा रहेका पर्यटकीय दृष्टिले महत्वपूर्ण प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, धार्मिक तथा पुरातात्विक सम्पदाहरूको पहिचान गरी नेपालका पर्यटन उपज (टुरिजम प्रोडक्ट) र क्रियाकलापको प्रवर्द्धन गर्ने,

(ग) नेपालका पर्यटन उपज (टुरिजम प्रोडक्ट) र क्रियाकलापको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार तथा पर्यटन उद्गम बजारहरुमा प्रतिस्पर्धात्मक रूपमा प्रवर्द्धन गरी विश्व मानचित्रमा नेपाललाई एक आकर्षक र भरपर्दो पर्यटन गन्तव्यको रूपमा स्थापित र परिचित गराउने,

(घ) पर्यटन व्यवसायको विविधीकरण, विकास र प्रवर्द्धन गर्नका लागि सार्वजनिक क्षेत्र, निजी क्षेत्र तथा गैर सरकारी क्षेत्रका सरोकारवाला निकायहरुसँग समन्वय गर्ने,

(ङ) सङ्घ, प्रदेश र स्थानीय तहमा पर्यटन प्रवर्द्धन गर्नका लागि स्थापित निकायहरुसँग समन्वय गरी पर्यटन प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रममा अन्तरतह सामञ्जस्यता कायम गर्न सहजीकरण गर्ने,

(च) नेपालका पर्यटन उपज (टुरिजम प्रोडक्ट) र क्रियाकलापको विविधीकरण गर्न तथा पर्यटन व्यवसायलाई पर्यटकमैत्री, सुरक्षित, विश्वासिलो, प्रविधिमैत्री र छरितो

बनाउनका लागि अवलम्बन गर्नुपर्ने उपायहरु पहिचान गरी मन्त्रालय समक्ष सिफारिस गर्ने,

(छ) नेपालमा पर्यटन संस्कृतिको विकास गर्नका लागि आवश्यक नीति निर्माण गर्न मन्त्रालय समक्ष सिफारिस गर्ने,

(ज) पर्यावरण अनुकूल पर्यटन व्यवसायको विकास गर्न सरोकारवाला निकायहरुसँग समन्वय गर्ने,

(झ) पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्द्धनका लागि निजी क्षेत्रको सहभागितालाई प्रोत्साहित गर्ने,

(ञ) पर्यटन प्रवर्द्धन तथा प्रचार प्रसारका लागि अन्तर्राष्ट्रिय सभा सम्मेलन, मेला, महोत्सव, प्रतियोगिता तथा तोकिए बमोजिमका अन्य कार्यक्रम आफैं वा निजी क्षेत्रसँगको समन्वय र सहकार्यमा सञ्चालन गर्ने,

(ट) पारस्परिक लाभमा आधारित अन्तरदेशीय पर्यटन सम्बन्धी गतिविधि सञ्चालन गर्न सम्बन्धित विदेशी सङ्घ संस्थासँग समन्वय गर्ने,

(ठ) पर्यटन प्रवर्द्धन गर्नको लागि नेपाल सरकारको पूर्व स्वीकृति लिई अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग सम्झौता गर्ने,

(ड) पर्यटक तथा पर्यटन व्यवसायीहरुलाई पर्यटनसँग सम्बन्धित विषयहरुका सम्बन्धमा आवश्यक सेवा तथा परामर्श प्रदान गर्ने,

(ढ) बोर्डको दीर्घकालीन तथा अल्पकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ण) पर्यटन क्षेत्रमा संलग्न व्यक्ति वा संस्थालाई आवश्यक तालिम तथा प्रशिक्षण प्रदान गर्ने,

(त) पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्द्धनका लागि तोकिए बमोजिमका अन्य कार्य गर्ने।"

४. मूल ऐनको दफा ९ मा संशोधनः मूल ऐनको दफा ९ को,-

(१) उपदफा (२) कोः-

(क) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) महानिर्देशक, पर्यटन विभाग – सदस्य"

(ख) खण्ड (छ) को सट्टा देहायका खण्ड (छ) राखिएको छः-

"(छ) नेपालमा व्यबसाय दर्ता गरी क्रियाशील रहेका पर्यटन सम्बन्धी देहायका क्षेत्रबाट एक एक जनाको प्रतिनिधित्व हुने गरी मन्त्रालयले मनोनयन गरेको कम्तीमा दुई जना महिलासहित पाँच जना-सदस्य"

(१) होटल तथा आतिथ्यता,

(२) ट्राभल, टुर, ट्रान्सपोर्ट तथा डेस्टिनेशन म्यानेजमेन्ट,

(३) पदयात्रा, पर्वतारोहण तथा अन्य साहसिक गतिविधि,

(४) नेपाल स्थित विमान सेवा तथा हवाई उड्डयन र

(५) पर्यटन क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानीकर्ताहरु "

(ग) खण्ड (छ) पछि देहायको खण्ड (छ१), (छ२), (छ३) र (छ४) थपिएका छन्।

"(छ१) खण्ड (छ) बमोजिम नियुक्त हुने व्यक्तिको न्यूनतम योग्यता देहाय अनुसार हुनुपर्नेछ।

(१) नेपाली नागरिक,

(२) प्रचलित नेपाल कानूनबमोजिम अयोग्य नभएको,

(३) नियुक्त हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(४) आफ्नो व्यबसायमा दश प्रतिशत भन्दा बढी शेयर स्वामित्व रहेको र

(५) ६० वर्ष ननाघेको,

(छ२) खण्ड (छ) बमोजिम नियुक्त हुने व्यक्तिको शैक्षिक योग्यता र पर्यटन क्षेत्रमा सक्रिय संलग्नताको अनुभव देहाय अनुसार हुनुपर्नेछ।

(१) स्नातकोत्तर तह वा सो भन्दा माथिल्लो शैक्षिक योग्यता भएमा पाँच वर्ष,

(२) स्नातक तहको शैक्षिक योग्यता भएमा दश वर्ष,

(३) प्रविणता प्रमाणपत्र तह वा सो सरहको शैक्षिक योग्यता भएमा पन्ध्र वर्ष,

(४) एसएलसि वा सो सरहको शैक्षिक योग्यता भएमा २० बर्ष।"

(छ३) खण्ड (छ) बमोजिमको प्रत्येक क्षेत्रको प्रतिनिधित्व गर्ने र खण्ड (छ१) र (छ३) बमोजिमको योग्यता पूरा भएका ईच्छुक व्यक्तिहरुको सूची बोर्डले तयार गर्नुपर्नेछ।

(छ४) खण्ड (छ) बमोजिम मनोनयन हुने व्यक्तिको सिफारिस गर्नका लागि खण्ड (छ२) बमोजिमको विज्ञको सूचीबाट दफा १४ को उपदफा (३) बमोजिम कार्यकारी प्रमुख नियुक्तिको लागि सिफारिस गर्न गठित समितिले नै सिफारिस गर्नेछ।"

५. मूल ऐनको दफा १४ मा संशोधनः मूल ऐनको दफा १४ को सट्टा देहायको दफा १४ राखिएको छः-

"१४. कार्यकारी प्रमुखको नियुक्तिः (१) बोर्डको प्रशासकीय प्रमुखको रूपमा दैनिक कार्य सञ्चालन गर्नको लागि बोर्डमा एक कार्यकारी प्रमुख रहनेछ।

(२) कार्यकारी प्रमुखको पदमा नियुक्तिको लागि देहायको योग्यता आवश्यक पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ग) पर्यटन सम्बन्धी क्षेत्रमा कम्तीमा दस वर्षको अनुभव हासिल गरी उच्च व्यवस्थापकीय क्षमता भएको,

(घ) साठी वर्ष ननाघेको,

(ङ) बैङ्क तथा वित्तीय संस्थाको ऋण तिर्न नसकी प्रचलित कानून बमोजिम कालोसूचीमा नपरेको,

(च) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको,

(छ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त नगरेको,

(ज) कुनै लाभको पद धारण नगरेको।

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "लाभको पद" भन्नाले सरकारी कोषबाट पारिश्रमिक वा सुविधा पाउने पद सम्झनु पर्छ।

(३) मन्त्रालयले कार्यकारी प्रमुखको नियुक्तिको सिफारिस गर्न मन्त्रालयको सहसचिवको संयोजकत्वमा पर्यटनसँग सम्बन्धित विज्ञ सम्मिलित तीन सदस्यीय छनौट समिति गठन गर्नेछ।

(४) उपदफा (३) बमोजिमको छनौट समितिले उपदफा (२) बमोजिम योग्यता पुगेका उम्मेदवारमध्येबाट खुला प्रतिस्पर्धामार्फत कार्यकारी प्रमुखको नियुक्तिको लागि तीन जना उम्मेदवारको नाम कार्यकारी समितिसमक्ष सिफारिस गर्नेछ।

(५) उपदफा (४) बमोजिमको सिफारिस भएका उम्मदेवारमध्येबाट कार्यकारी समितिले उपयुक्त ठानेको उम्मेदवारलाई कार्यकारी प्रमुख नियुक्ति गर्नेछ।

(६) कार्यकारी प्रमुखको पदावधि चार वर्षको हुनेछ र निज पुनः बढीमा चार वर्षको लागि नियुक्त हुन सक्नेछ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कार्यकारी समितिले तोकिए बमोजिमको प्रक्रिया अपनाई जुनसुकै बखत कार्यकारी प्रमुखलाई निजको पदबाट हटाउन सक्नेछः-

(क) आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा,

(ख) बोर्डको हित विपरीत कुनै काम गरेमा वा बोर्डलाई कुनै हानि नोक्सानी पुऱ्याएमा,

(ग) खराब आचरणमा लागेमा, वा

(घ) निजमा कार्यक्षमताको अभाव भएमा।

(८) उपदफा (७) बमोजिम कार्यकारी प्रमुखको पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(९) देहायको अवस्थामा कार्यकारी प्रमुखको पद रिक्त हुनेछः-

(क) निजले आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) निजको पदावधि पूरा भएमा,

(ग) निजमा उपदफा (२) बमोजिमको योग्यता नभएमा,

(घ) निजलाई उपदफा (७) बमोजिम पदबाट हटाइएमा, वा

(ङ) निजको मृत्यु भएमा।

(१०) कार्यकारी प्रमुखको नियुक्तिको कार्यविधि, पारिश्रमिक, सुविधा र सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछ।"

६. मूल ऐनको दफा १६ मा संशोधनः मूल ऐनको दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छः-

"१६. बोर्डको सङ्गठन संरचना र कर्मचारी सम्बन्धी व्यवस्थाः

(१) समितिले बोर्डको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमतिमा मन्त्रालयले बोर्डको सङ्गठन संरचना तथा बोर्डमा रहने कर्मचारीको दरबन्दी स्वीकृत गर्नेछ।

(३) बोर्डमा नियुक्ति हुने कर्मचारीहरुले कार्यकारी प्रमुखप्रति उत्तरदायी भई काम गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम कर्मचारी नियुक्ति गर्दा अधिकृतस्तरको पदमा सेवा करारमा कर्मचारी नियुक्ति गर्न सकिने छैन।

(५) बोर्डको स्वीकृत दरबन्दीमा नियुक्त हुने कर्मचारीको नियुक्ति प्रक्रिया, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछ।"

७. मूल ऐनको दफा १७ मा संशोधनः मूल ऐनको दफा १७ को उपदफा (३) मा रहेका "नेपाल सरकारको" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, अर्थ मन्त्रालयको" भन्ने शब्दहरु राखिएको छ।

८. मूल ऐनको दफा २१ मा संशोधनः मूल ऐनको दफा २१ को उपदफा (१) मा रहेका "नेपाल सरकारलाई" भन्ने शब्दहरुको सट्टा "मन्त्रालयलाई" भन्ने शब्द राखिएको छ।

९. मूल ऐनको दफा २४ मा संशोधनः मूल ऐनको दफा २४ मा रहेका "नेपाल सरकार, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "मन्त्रालय" भन्ने शब्द राखिएको छ।

१०. खारेजीः मूल ऐनको दफा १० र १९ खारेज गरिएको छ।